मिति: २०७८।११।२५

आज मिति २०७८।११।२५ गतेका दिन यस बेनीघाट रोराङ गाउँपालिकाका उपाध्यक्ष एवं न्यायिक समिति संयोजक श्री देविप्रसाद सिलवालको अध्यक्षतामा तपसिल बमोजिमका पदाधिकारीहरूको उपस्थितीमा बैठक बसी विविध विषय माथी छलफल गरियो।

उपस्थितीहरू

१) न्यायिक समिति संयोजक - श्री देविप्रसाद सिलवाल
२, ,, ,, सदस्य - श्री भुवन तिवारी
३, ,, ,, सदस्य - श्री इन्दिरा खड्का
४, मुद्दाको पक्ष तर्फका व्यक्ति - श्री सिताराम थापा
५, ,, विपक्ष ,, ,, - श्री रामपुकार बस्नेत
६, कानुनी सहजकर्ता - श्री मनकला थपलिया

अन्य उपस्थिती

७, ज्ञानेन्द्र सिलवाल

छलफलका विषयहरू

१) न्याय सम्पादन प्रक्रिया सम्पन्न गर्ने सम्बन्धमा
२, विविध

प्रस्ताव नं. १ माथी छलफल गर्दा यस बेनीघाट रोराङ गा.पा. वडा नं. ७ धुसाटार निवासी श्री सिताराम थापाले मिति २०७८/०८ मा यस गाउँपालिकाको न्यायिक इजलासमा दिनुभएको निवेदन अनुसार सोही ठाउँ बस्ने रामपुकार बस्नेत संग मिति २०७६ साल वैशाख महिनामा धुसाटार स्थित ग्रामीण सडक सँग जोडिएको २० हात मोहोडा र ४० हात पछाडी भएको जग्गा ~~बेचेको तर~~ रु ३४,०००००/- (अक्षरुपी चौतीस लाख) मा किनेको र मिति २०७८ श्रावण १६ गते निज सिताराम थापाले सम्पूर्ण रकम भुक्तानी गर्दा पनि निज रामपुकार बस्नेतले हाल सम्म जग्गा पास नदिएको भन्ने उजुरी परेको हुनाले दुवै पक्षलाई यस गाउँपालिकाको न्यायिक इजलासमा बोलाई छलफल गर्दा सो कुरा साँचो ठहरिएकोले निज रामपुकार बस्नेतले यहि २०७८ साल चैतको १७ गते भित्रमा बैंकको सम्पूर्ण कारोबार मिलाई प्रथम पक्ष

MAYUR
Date
Page

सिताराम थापालाई सो जग्गा पास गरेर दिने भनी यस गाउँपालिकाको उपाध्यक्ष एवं न्यायिक समिति संयोजक श्री देविप्रसाद सिलवाल, र न्यायिक समितिको रोहवरमा सर्वसम्मत निर्णय गरियो ।